परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक १९ २०८० पुस १ गते आईतवार Sunday 17, DEC 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## घरजग्गा धितो राखी ऋीण लिदाँ साहूले उठिबास बनाएको पिडितको आरोप



साहुले पिडित बनाएको भन्दै जग्गाधनी र ऋीणहरु पत्रकार सम्मेलनमा । तस्वीर : मंजु शर्मा

विराटनगर । सुन्दर हरैचा नगरपालका वडा नं. ९ की तारा थापाले आफ्नो नाम दर्ताको सोही ठाउँको ५ कट्ठा ५ धुर जग्गा धरान-३ बस्ने शारदा श्रेष्ठको नाममा धितापास गरी ३१ ऋीण लिएको सो ऋीण भन्दा बढी रकम तिरी सक्दा पनि जग्गा फिर्ता त कहाँ हो कहाँ उल्टै अझ ब्याज मागेर उठीबास वनाएको आरोप लगाएकी छिन् ।

उक्त ३१ लाखको साँवा ब्याजगरी ४३ लाख तिरी सक्दा पनि जग्गा फिता गर्नुको सट्टा उल्टै अझै सावा ब्याज मागेर तनाव दिई रहेको थापाले वताईन । सो ऋृण तिर्न झापा जिल्लाको दमक नगरपालिका वडा नं. ३ को ३ कट्टा जग्गा बेचेर २६ लाख, ५ कट्टा ५ धुर जग्गा मध्ये १ कट्ठा बेचेर १३ लाख र एक पटक ४ लाख तिरी सकेको वताए ।

शारदा श्रेष्ठले चक्रवृद्धि ब्याज जोडर साँवा ब्याज लिएको दुःखेसो सुनाउँदै श्रेष्ठलाई मिटर व्याज लिएकोमा प्रशासनले कारवाही गरी मेरो जग्गा फिर्ता गराई दिन थापाको माग छ ।

श्रेष्ठले थापालाई मात्र पिडित वनाएको होईन बेलवारी नगरपालिका वडा नं. ३ की सिता राईलाई समेत पिडित बनाएकी छिन् ।

राईले शारदा श्रेष्ठसंग सयकडा ३ रुपियाको दरले २ लाख रुपिया ऋृण लिएका थिए । ऋृण लिएको २१ महिनाको सावाँ ब्याज गरी ३ लाख २६ हजार भयो भनेर मसंग खाली चेक लिनु भयो । त्यसपछि तिम्रो चेक मेरो पैसा तिरी सकेपछि फिर्ता दिनुन्छु भन्दै राईसंग १ लाख ४६ हजार र पनु १ लाखका खाली चेक लिएको थियो । फेरी सावाँ हिसाव गरी ८० हजार नगद दिएर ऋृण खतम गरेको थिए ।

खाली चेकमा शारदा श्रेष्ठको दाजु विद्या शाक्यले ३ लाख ३० हजार रकम भरी अहिले मोरंग जिल्ला अदालतमा लेनदेन मुद्दा दर्ता गराई पिडित वनाएको राईले आरोप लगाईन ।

ती दुई जनासंगै पत्रकार सम्मेलनमा आएका बेलवारी ३ बस्ने खगेन्द्र धिमालले २०७६ साल जेष्ठ मसान्तमा ३ क ८८५ नम्बरको एक कट्ठा क्षेत्रफल रहेको जग्गा र टिनाको ८ कोट्ठे घर सुनसरी मधुवन-६ की हिमा कुमारी श्रेष्ठलाई ७० लाखमा विक्रि गर्ने शर्तमा कागज गरिएको थियो । श्रेष्ठले ७० लाखमा जग्गा पास गरी लिएकको तर रकम १० लाख मात्रै दिएको वांकी रकम हिनामिना गरी पिडीत बनाएको आरोप लगाए ।

वांकी अन्तिम पेजमा...

## नेपाल भारतको दशगजामा नेपाली यूवा माथि गोली प्रहार

विराटनगर । नेपालका रानी र भारत जोगवनीको बीचमा रहेको नेपाल भारतको सिमाना (दशगजा) मा आईतवार बेलुकी एक नेपाली यूवा मार्थि अज्ञात समूले गोली प्रहार गरी सुनको सिक्री र १० हजार रकम समेत लुटेको छ ।

भारतको जोगवनी बजारबाट समान लिएर करीब ५ बजे देखि ५:४० मिनेट भित्र विराटनर महानगर पालिका वडा नं. ८ बस्ने २७ वर्षिय यूवा निर्दोष संग्रौला माथि गोली प्रहार गरेको थियो ।

संग्रौलाको दाहिने तिघ्रामा गोली प्रहार भएपछि उनलाई तत्काल कोशी अस्पतालको आकस्मि कक्षमा भर्ना गरिएको थियो । संग्रौलाको खुट्टको एक्सरे गरेपछि तिघ्रामा गोली देखिएको छ । खुट्टाको सिटी एनजीओ जाँच गर्नु पर्ने तर सो जाँच कोशी अस्पतलामा उपलब्ध नभएकाले अन्यत्र बाट जाँच गराएर ल्याएपछि मात्र अपरेश हुने कोशी अस्पतलले जनाएको छ ।

घाईते संग्रौलाले भने म माथी गोली प्रहार भएपछि भारतीय सुरक्षा कर्मी मुख दर्शक भए मलाई दुई जना शसस्त्र प्रहरीले कोशी अस्पताल सम्म पुऱ्याएको वताए । तर मोरङ प्रहरीका प्रवक्ता डिएसपी रन्जन कुमार दाहालले दशगजा क्षेत्रमा नभएर भारतीय भूमितिर गोली चलेको हुनसक्ने बताए । 'दशगजामा भएको भए प्रहरीलाई थाहा हुने थियो ।

घाईतेले गोली प्रहारको घटना दशगजामा भएको भनेता पनि सो घटना अनुसन्धानले भारतीय भूमिमा भएकोले भारतमै जाहिरी दिनु पर्ने र त्यहीवाट अनुसन्धान भएमा नेपाल प्रहरीले पनि सहयोग गर्ने नै छ । हामीले पनि सुक्ष्म अनुसन्धान भई रहेको प्रवक्ता दाहालले वताए ।

## बन्द गराउँदै हिड्ने सुनसरी र झापाबाट नौ जना पहिचानवादी पक्राउ

बिराटनगर । अनावश्यक यातायात बन्द गराउँदै हिन्ने कोशी प्रदेशको सुनसरी र झापाबाट ९ जना बन्दकर्ताहरु प्रहरीले पक्राउ परेका छन् ।

यातायात बन्द गराउदै हिड्ने पहिचानबादी समुहका ९ जना बन्दकर्ताहरुलाई प्रहरीले पक्राउ गरेको हो । धरानमा बन्द गराउँदै हिड्ने राष्ट्रीय जनमुक्ती पार्टी ( सुनसरी सचिब), संघर्ष समिति सचिवालय सदस्य सिवहाङ राई, जनता समाजवादी पार्टी धरान वडा नं. १५ (अध्यक्ष) हरि राई, युवासंघ सुनसरी अध्यक्ष करूण राई, जनता समाजवादी पार्टी धरान सह-सचिव सुमन चेम्जोङ लिम्बु र किरात राई यायोख्खा सुनसरी सह-सचिव शम्भु राई धरानबाट पक्राउ परेका हुन् ।

त्यसैगरी झापाको कमल गाउँपालिका-३ केर्खामा यातायात बन्द गर्न खोज्ने संघिय लोकतान्त्रीक मञ्च नेपालमा आबद्ध ईलाम चुलाचुलीका ध्रुव लावती, सिवसताक्षी नगर पालिका-७ का लिम्बुवान कार्यकर्ता उदयशिगु लिम्बु, नेपाल तामाङ घेदुङ संघ प्रदेश सदस्य जस कुमार तामाङ र संघिय लिम्बुवान चुलाचुली अध्यक्ष नरेन्द्र लिम्बु झापाबाट पक्राउ परेका हुन ।






क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

# भ्रष्टाचार र दण्डिहिन्ता मुक्त समाज




विराटनगर। देशमा आर्थिक तरलता रहेको बेला सवै नागरीकहरु द्वण्डहिन्ता र भ्रष्टाचार भुक्तसमाज बनाउने तर्फ लाग्नु पर्नेमा प्रतिनिधि सभा सदस्य डा.शेखर कोइरालाले वताएका छन् ।

विराटनगर स्थित दघिराज सुवेदी पुरस्कार प्रतिष्ठान विराटनगर आयोजना गरेको पुरस्कार तथा सम्मान समर्पण समारोहमा डा. कोइरालाले सो कुरा वताएको हो ।

अहिले भ्रष्टाचारले प्रकाष्ठ नाघिसकेको बेला राजनीतिक कर्मीहरु मोन रहेको भन्दै देशमा दिनानुदिन भईरहेको भ्रष्टाचारलाई ढाक छोपगर्न राजनीतिक दलदेखि कर्मचारीको मिलोमतोमा अर्को भ्रष्टाचार काण्ड आउँछ, त्यो भ्रष्टाचार काण्ड हराउँछ, अहिले सुन काण्ड कहाँ छ, त्यसको छानबिन समितिले केगर्दै छ ? नेपालमा यस्ता प्रकृतिका घटनाहरु लुकाउने कसैलाई पनि छुट नहुने कोईरालाले आक्रोस व्यक्त गरेका थिए ।

सुन काण्ड, ललिता निवास जग्गा प्रकरणलगायतका काण्ड छानबिन समतिले अहिले सम्म कुनै पनि काम नगरेको आरोप लगाएका थिए । कार्यक्रममा बरिष्ठ पत्रकार धमेन्द्र झा, बरिष्ठ साहित्यकार भागरथी श्रेष्ठ र वरिष्ठ क्यान्सर विशेषज्ञ डा.उज्जवल चालिसे लगायतलाई नगद रु २५ हजार सहित दोसला र कदर-पत्रल सहित दघिराज सुवेदी पुरस्कार २०८० ले पुरस्कृत गरिएको थियो ।

पुरस्कृत हुने विशिष्ट व्यत्तीहरुलाई कोशी प्रदेशका सभा सदस्य भीम पराजुली, विराटनगर महानगर पालिकाका मेयर नागेश कोइराला, उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष भीम घिमिरेलगायतले शुभकामना दिएका थिए ।

## घरजग्गा...

श्रेष्ठले धिमाललाई घर जग्गा कारोवार गर्न जग्गा ततकाल चाहिने भएको भन्दै फकाई फुलाई जग्गाको सवै कागजात सहित जग्गा पास गरी दिए । सो वापत श्रेष्ठले ७० लाखको कागज गरि दिएको थियो । अब त्यो कागज लिएर कहाँ जाउँ के गरौ केही थाहा छैन । म त घरवार विहीन भएको रुदै धिमाले वताए । कानुनी वाट अपनाउँदा मसंग पैसा छैन । अहिल न त मसंग घर जग्गा छ नत मसंग पैसा छ । यस्ता ठगहरुलाई प्रशासनले कारवाही गरी मेरो घरजग्गा वा रकम दिलाई दिन माग गरेको छ ।

# कोशी प्रदेश, प्रहरी तालिम केन्द्र विराटनगरको ५७ औं बार्षिकोत्सव सम्पन्न



बिराटनगर । कोशी प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको ५७ औं वार्षिकोत्सव बिविध कार्यक्रम सहित मंसिर २८ गते आन्तरीक रुपमा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले पानसमा दिप प्रज्वलन गरी बिधिवत रुपमो शुभारम्भ गरेका थिए ।

प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको खेल मैदानमा आयोजित ५७ औ बार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक बास्तोलाले व्यवासायिक प्रहरी उत्पादनको उदगमस्थल प्रहरी तालिम केन्द्रले ५७ औं वर्ष पुरा गरेको अवसरमा तालिम केन्द्र तथा केन्द्रमा कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि बास्तोलाले बार्षिक उत्सवको अवसरमा प्रकाशन गर्दै आएको स्मारिकाको लोकार्पण समेत गर्नु भएको थियो । कार्यक्रममा बोल्दै वहाँले नेपाल प्रहरी सेवामा प्रवेश गर्ने जनशक्तिहरुको लागि तालिम लगायत प्रारम्भिक शिक्षा तथा उन्नत प्रशिक्षण प्रदान गर्ने कार्यमा तालिम केन्द्रको अहम भुमिका रहेको र सक्षम तथा प्रभावकारी प्रहरी संगठनको समाजमा उपस्थिति बनाई राख्न प्रशिक्षण पद्धतिमा समायानुकुल परिवर्तन हुनु जरुरी रहेको साथै योग्य जनशक्तिको छनौट र उचित प्रशिक्षण प्राप्त गरे पश्चात मात्रै प्रहरी कर्मचारीले कार्य क्षेत्रमा संगठनको अपेक्षा अनुरुप प्रतिफल दिन सक्ने वताएका थिए ।

समयको परिवर्तन संग संगै नागरिकले प्रहरीबाट अपेक्षा गर्ने सेवा प्रदानमा अपेक्षित सुधार गरेर अगाडि बढ्नु अहिलेको आवश्यकता रहेको बताउँदै हिजोका दिनहरु भन्दा फरक तर सरल र सहज रुपमा सेवा प्रदान गर्ने भावनाको बिकाश तालिमका दिनहरु देखि नै मस्तिष्कमा गढिन जरुरी रहेको हुँदा सोही अनुसारको प्रशिक्षण प्रदान गर्न तालिम केन्द्रलाई निर्देशन दिएका थिए ।

वाँहाले अनुशासन प्रहरी संगठनको गहना रहेको बताउँदै तालिम केन्द्रका प्रशिक्षकहरुको अनुशासन, यसको प्रत्यक्ष प्रभाव र तालिमको स्तरले नै भोलीको दिनमा प्रहरीहरुको कार्य सम्पादन स्तर निर्धारण गर्ने हुँदा यस प्रहरी तालिम केन्द्रको सम्पुर्ण प्रशिक्षकहरुको अनुशासन र सामुहिक प्रयासद्वारा यस तालिम केन्द्रलाई देशकै नमूना तालिम केन्द्रको रुपमा स्थापित गर्ने गरी उच्च व्यवसायिकताका साथ काम गर्न आग्रह गरेका थिए ।

प्रहरी नायव महानिरीक्षक बास्तोलाले बार्षिक उत्सवको अवसरमा तालिम केन्द्रले आयोजना गरेको आन्तरिक फुटवल, भलिवल, टेवलटेनिस र ब्याडमिन्टन लगायत अन्य खेलका बिजय हुने खेलाडीहरुलाई पुरस्कार तथा प्रमाण पत्र समेत प्रदान गर्नु भएको थियो । यसैगरी तालिम केन्द्रमा बर्ष भरीमा उत्कृष्ठ कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई समेत पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा प्रदेश प्रहरी तालिम केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन बिष्टले केन्द्रको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु हुँदै समयानुकुल आफ्नो जिम्मेवारी एवं कर्तव्य पालना गर्न सक्ने ब्यवसायिक कला, कौशल र सीपले भरिएका दक्ष प्रहरी उत्पादन गर्ने क्रममा स्थापना कालदेखि हालसम्म विभिन्न आधारभूत तथा उन्नत तालिमहरु समेत गरी कुल ८२ हजार ३६ जना प्रहरी अधिकृत तथा जवानहरुलाई प्रशिक्षित गरिसकेको जानकारी गराएका थिए ।

कार्यक्रममा केन्द्रका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक राजन अधिकारीले उपस्थित सबैमा धन्यवाद दिनु हुँदै नयाँ नयाँ चुनौतीसँग सामना गर्न सक्श्रम, ब्यवसायिक एवं कर्तव्यनिष्ट प्रहरी जनशक्तिको उत्पादन नै एक मात्र बिकल्प रहेकोले प्रशिक्षण पद्दतिलाई आधुनिक, ब्यवस्थित तथा उपलब्धिमुलक बनाउने कार्यमा तालिम केन्द्र निरन्तर अगाडि बढिरहेको वताएका थिए ।

बार्षिक उत्सव कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशकी अध्यक्ष श्रीमती अजिता देवकोटा बास्तोला, प्रहरी बरिष्ठ उपरीक्षक जयराज सापकोटा लगायत प्रहरी अधिकृत तथा प्रहरी जवानहरुका साथै पुर्व प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।


## प्रदुषण रोकौं, स्वस्थ बनौं

*वातावरण प्रदुषणका कारणहरु :*

- *अव्यवस्थित औद्योगिकीकरण,*
- *प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,*
- *जथाभावी फोहर विर्सजन,*
- *प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,*
- *वन-जङ्गलको विनाश,*
- *प्लाष्टिकको प्रयोग,*
- *प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु ।*

*यस्ता कार्य नगरौं ! नगराऔं ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## विराटनगर महानगरपालिकाको सूचना

- ❑ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❑ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❑ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❑ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❑ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❑ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❑ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❑ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❑ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❑ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❑ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❑ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❑ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

## पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

***खानेपानी तथा ढल व्यवस्थापन विभाग***
***संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना***
***विराटनगर, मोरंग, कोशी प्रदेश***


परिवर्तनको लागि
क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# जनताको निराशा हटाऔं

नेपालको वर्तमान राजनीतिक दलहरु बीच भई रहको खिचातानी र सत्ताका खेलले आम नेपाली जनतामा निराशा छाएको छ । अहिलेको आर्थिक एवं जनजिवीकाको अवस्था हेर्दा दिनानुदिन खस्किदै गई रहेको छ । मुलुकमा अन्यौलता, संकट र अनिश्चितताका कारण नेपाली जनतामा निराशा, उदाशीनता र आक्रोश दिन प्रतिदिन बढ्दै गई रहेको छ। सहिदहरुको वलिदान, विभिन्न जनआन्दोलन र जनविद्रोह पछि उदाएका नेताहरु, दलहरु र सरकारहरुको काम कारवाहीका कारण हालसम्म प्राप्त उपलव्धिहरु गुम्ने अवस्थामा पुग्न लागेको छ ।

विभिन्न काल खण्डमा भएको आन्दोलन र आन्दोलनमा शाहदत प्राप्त दिएकाहरुको उपलब्धीको रुपमा बहुदल, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशी समानुपातिक, धर्म निरपेक्ष, प्रेस स्वतन्त्रता र मौलिक अधिकारहरु लगायतका उपलब्धिहरु हासिल भएको छ । तर ती उपलब्धीहरुलाई वेवास्ता गर्दै राजनीतिक दलका नेताहरुले व्यक्ति गत र नातावादका चकरमा फसेर पाएका उपलब्धी समाप्त पार्ने षड्यन्त्र तिर लागि रहेको छ । अहिले ललिता निवास जग्गा खरिद विक्रि काण्ड, नेपालीलाई नक्कली भुटानी बनाई अमेरिका पठाउने काण्ड, सुन तस्करी काण्ड, लगायत दर्जनौं काण्डहरुका कारण मुलुकमा अस्थिरताले गर्दा निराशा छाएको छ ।

कुशासन भ्रष्टाचार, व्यथिती र जनजीविकाका सवालमा संघीय सरकारहरुले जनभावना अनुसार शुसासन दिन असफल भएका कारण आम जनतामा असंतुष्ट भएका छन् । ती असन्तुष्टीहरुलाई हटाउन प्राप्त गरेका उपलब्धहरुलाई संस्थागत गर्न जनताको जन चहाना अनुसार मुलुकको विकास निर्माण र समृद्धिमा लाग्नु पर्दछ । अन्यथा जनताको लागि जनतावाट गरिने शासन व्यवस्था लोकतन्त्र हो लोकतन्त्रका मजाक नेताहरुले उडाएमा त्यसको जवाफ आम नेपाली जनताले दिने छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# बुद्धिजीवीहरू किन गर्छन पुँजीवादको विरोध ?

मुराहरि पराजुली

सामान्यतया अक्षर खेलाउनेहरूलाई बुद्धिजीवी भनिन्छ । जीविकोपार्जनका लागि उनीहरू शारीरिक परिश्रम गर्दैनन्, बुद्धिको भरमा बाँच्छन् । विश्वभर, विगतदेखि वर्तमानसम्म यो समूहका अधिकांश मान्छेको साझा चरित्र भनेको पुँजीवादको चर्को विरोध गर्नु हो ।

अरू पेसा-व्यवसायका मान्छे पनि पुँजीवादको आलोचना गर्छन् । तर कथित बुद्धिजीवीको विरोध असमानुपातिक हुने गरेको छ । अर्थात् बुद्धिजीवीहरूमाथि भएको भनिएको अन्यायभन्दा त्यो समूहको विरोध चर्को हुन्छ । आफू समाजको 'श्रेष्ठ' सदस्य भएको नाताले पुँजीवादको विरोध गर्नु आफ्नो कर्तव्य हो भन्ने उनीहरूलाई लाग्छ ।

सबै बुद्धिजीवी पुँजीवादलाई घृणा गर्छन् भन्ने होइन । जसले विरोध गर्छन्, उनीहरूले पुँजीवादमा धेरै किसिमका खोट देख्छन् ।

उनीहरूले औंल्याउने पुँजीवादको पहिलो खोट हो आर्थिक असमानता ।

बुद्धिजीवीहरू पुँजीवादले आय र सम्पत्तिमा असमानता निम्त्याउँछन् भन्छन् । पुँजीवादी प्रणालीले धनीहरूलाई झन् धनी बनाउँछ । उनीहरूलाई लाग्छ–आर्थिक असमानता अन्य किसिमका असमानताको जननी हो, अनैतिक हो ।

उनीहरूका धारणा अनुसार पुँजीवादको मूल चरित्र शोषण हो। पुँजीवाद नाफाको वरिपरि घुम्छ । एक मात्र उद्देश्य 'नाफा' बाट परिचालित हुने बजार अर्थतन्त्रमा पुँजीपतिले श्रमिकको शोषण गरेकै हुन्छ । श्रमिकको शोषणबाहेक नाफा कमाउने अर्को कुनै उपाय छैन ।

माथिका तर्कहरू फितला बन्दै गएपछि आलोचकहरू अहिले वातावरणीय विनाशको दोष पुँजीवादलाई दिन थालेका छन् । पुँजीवाद निरन्तर वृद्धि र उपभोगमा आधारित व्यवस्था हो र यसले स्रोतको अत्यधिक दोहन गरी वातावरणीय विनाश निम्त्यायो भन्ने उनीहरूको नयाँ तर्क छ ।

उनीहरूको अर्को तर्क–पुँजीवादको जोड तात्कालिक लाभमा हुन्छ। यसले समाजलाई सुसंगठित बनाउँदैन, अराजक बनाउँछ । क्षणिक लाभमा अडिएको यो व्यवस्था राजनीतिक, सामाजिक र आर्थिक स्थिरताका लागि हानिकारक छ ।

उनीहरूले पुँजीवादमाथि लगाउने अर्को आरोप–यसले मानवीय मूल्य मान्यता, नैतिकता, आदर्शहरू लाई व्यापारिक वस्तुमा परिणत गर्छ। सबैथोक बजारयोग्य उत्पादनमा परिणत भएपछि मानवीय मूल्य, परम्परा तथा संस्कृति नष्ट हुन्छ ।

उनीहरूका अनुसार पटकपटक देखा पर्ने आर्थिक संकट (बजार असफलता) पुँजीवादको उत्पादन हो । आर्थिक संकट पुँजीवादी व्यवस्थामा मात्र देखा पर्छ । स्रोतहरूको कुशल व्यवस्थापन गर्ने प्रणाली पुँजीवाद होइन । कुशल आर्थिक व्यवस्थापन गर्न नसक्ने यो प्रणालीले मान्छेको ज्यान लिन्छ, घरबारविहीन बनाउँछ, बेरोजगार बनाउँछ ।

यस्तै भनाइ अघि सारेर पुँजीवादको चर्को आलोचना गर्नेमा सबभन्दा अगाडि आउने नाम जर्मन दार्शनिक कार्ल मार्क्सको हो ।

उनले पुँजीवाद शब्दको प्रयोग गरेनन् तर श्रमिक वर्गको शोषणमा उभिएको 'पुँजीवादी उत्पादन प्रणाली' लाई समाजवादले प्रतिस्थापन गर्ने बताए ।

सन् १८४८ मा तयार पारिएको 'कम्युनिस्ट म्यानिफेस्टो' मा मार्क्स र एगेंल्सले 'बुर्जुवाहरूले आफ्नो चिहान आफैं खन्ने काम गर्दै आइरहेका छन्' भनेर उल्लेख गरेका छन् । पछि मार्क्सले श्रमको अतिरिक्त मूल्य सिद्धान्तलाई टेको बनाएर यो कथन पुष्टि गर्ने असफल प्रयास गरेका थिए ।

'थेसेस अन फायरबाख' मा मार्क्सले एक वाक्य लेखेका छन् –दार्शनिकहरूले अहिलेसम्म संसारलाई विभिन्न तरिकामा व्याख्या मात्र गरेका छन्, खासमा गर्नुपर्ने (संसारलाई) परिवर्तन हो ।

म्यानिफेस्टो र मार्क्सका अरू कृतिमा प्रयोग भएका यस किसिमका वाक्य संरचनाले तत्कालीन युरोपका पढे-लेखेका धेरै युवाहरूलाई रोमाञ्चित बनायो ।

रूसी नेता भ्लादिमिर लेनिनले पुँजीवाद 'पतनशील प्रणाली' हो र मार्क्सले प्रक्षेपण गरेको पुँजीवाद ढल्ने समय आइसकेकाले क्रान्तिकारीहरूले 'अन्तिम धक्का' दिनुपर्ने दाबी गरेका थिए ।

लेनिनले अशिक्षित सर्वहारा वर्ग र सहरी औद्योगिक मजदुरहरूलाई क्रान्तिमा समाहित गर्नका निम्ति समाजवादी विचारधाराका जटिलताहरू व्याख्या गर्न बुद्धिजीवीहरूको सक्रिय सहभागिता अपरिहार्य रहेको बताएका थिए । उनका अनुसार श्रमिक वर्ग आफ्नै प्रयासले ट्रेड युनियन चेतनाको विकास गर्न मात्र सक्षम हुन्छ । त्यसबाट प्राप्त हुने सीमित सामाजिक तथा आर्थिक लाभहरू बढाएर लैजानुपर्छ भन्ने उनको आग्रह थियो ।

इटलीका कम्युनिस्ट नेता एन्टोनियो ग्राम्सी बुद्धिजीवीले ज्ञान सिर्जना र संरक्षण गर्छन् भन्ने विश्वास गर्थे । उनीहरू नै विभिन्न सामाजिक समूहका प्रवक्ता हुन् र सामाजिक हितका पक्षमा बोल्छन् भन्ठान्थे। बुद्धिजीवीहरूले आफूलाई शासक वर्गबाट स्वायत्त राख्छन् भन्ने पनि उनको विश्वास थियो ।

कम्युनिस्ट मात्रै होइन, बौद्धिक कर्ममा लागेका र सामूहिकतावादको मोहपासमा परेका धेरै समाजवादीहरू पुँजीवादको आलोचना गर्थे। कम्युनिस्टहरू भन्दा फरक ढंगले प्रसिद्ध नाट्यकर्मी जर्ज बर्नाड शा, समाजशास्त्री म्याक्स वेबर, लेखक टिएस इलिएट, एजरा पाउन्ड, वाइबी यिट्स, चार्ल्स डिकेन्स, भर्जिनिया वुल्फ, इएम फोस्टर, बर्टान्ड रसेल, रोबर्ट ओवेन लगायतले पुँजीवादको विरोध गरेका थिए ।

प्रचलित व्यवस्थामै क्रमिक सुधार गरेर बलियो सरकारले उत्पादनका साधनमाथि नियन्त्रण राख्दै योजनावद्ध ढंगले जनताका पक्षमा काम गर्न सक्छ भन्ने उनीहरूको विश्वास थियो ।

अहिले पनि बौद्धिक समुदायमा अमेरिकी लेखक नोम चम्स्की, फ्रान्सेली प्राध्यापक थोमस पिकेटी, कोरियाली प्राध्यापक हा जुन चांग, क्यानडियन अधिकारकर्मी नाओमी क्लेन, भारतीय लेखक अरून्धती रोय पुँजीवादको विरोधका लागि चर्चित नाम हुन् ।

यहाँनेर चाखलाग्दो विषय के भने –किसान, मजदुर लगायत श्रमिक वर्गको शोषण गर्छ भनेर पुँजीवादको चर्को विरोध गर्नेहरू कोही पनि शारीरिक परिश्रम गरेर जीविकोपार्जन गर्ने परिवारमा जन्मे-हुर्केका होइनन् । उनीहरू कसैलाई पनि श्रमिक वर्गको दु:ख के हो भन्ने आत्मअनुभव थिएन ।

युनिभर्सिटी अफ क्यालिफोर्निया मा राजनीति शास्त्रका प्राध्यापक पिटर एच स्मिथका अनुसार ८६ प्रतिशत बुद्धिजीवी सम्बद्ध समाजको उच्च तथा मध्यम आय वर्गबाट आउँछन् । उनको अध्ययनले १४ प्रतिशत बुद्धिजीवीको पृष्ठभूमि श्रमिक वर्गसँग जोडिएको देखाएको थियो ।

बुद्धिजीवीको यही पृष्ठभूमि एउटा कारण हुन सक्छ जसले पुँजीवादको असमानुपातिक विरोधलाई बढावा दियो । केहीले गरिबी र अभावलाई रोमान्चक बनाए र यसको समाधानका लागि स्वैर काल्पनिक उपाय अगाडि सारे । यसरी मूर्त समस्याको अमूर्त समाधान खोज्दै अगाडि बढाइएका राजनीतिक अभियान टुंगोमा पुगेनन् । आम जनताको जीवनमा परिवर्तन ल्याउन सकेनन् ।

त्यस्तै काल्पनिक उपायमध्येको एक समाजवादको आकर्षण उत्कर्षमा रहेका बेला सन् १९४९ मा बुद्धिजीवीहरूलाई अस्ट्रियाली दार्शनिक एफ ए हायकले सामूहिकतावादी भ्रम सच्याउन आह्वान गर्दै एउटा किताब लेखेका थिए ।

'द इन्टेलेक्चुअल एन्ड सोसलिज्म' शीर्षकको उक्त किताबमा बुद्धिजीवीहरूको समूहलाई एउटा छपनीको संज्ञा दिइएको छ । आधुनिक समाजमा त्यो छपनीबाट छानिएपछि मात्र नयाँ ज्ञान र विचार जनस्तरमा पुग्छ भन्ने उनको तर्क छ । त्यसैकारण समाजवाद जस्तो नियोजित प्रणालीप्रति बुद्धिजीवीको आस्था समग्र मानव समाजको स्वतन्त्रताका लागि ठूलो जोखिम भएको उनले औंल्याएका थिए ।

बुद्धिजीवीहरूले कोरा आदर्श र पूर्ण रूपमा काल्पनिक कारणहरूलाई आधार बनाएर समाजवादको वकालत गरिरहेको उनको दाबी थियो। उनले पत्रकार, शिक्षक, मन्त्री, सार्वजनिक वक्ता, रेडियो टिप्पणीकार, कलाकार, लेखक तथा कार्टुनिस्टलाई बुद्धिजीवीको वर्गमा राखेका थिए ।

अमेरिकी अर्थशास्त्री मिल्टन फ्रिडम्यान बुद्धिजीवी र व्यापारीको हस्तक्षेपले पुँजीवादलाई कमजोर बनाउँछ भन्थे ।

व्यापारीहरू सत्ताधारीलाई प्रभावमा पारेर विशेष आर्थिक एकाधिकार प्राप्त गर्ने ध्याउन्नमा लाग्दा पुँजीवाद विकृत हुने उनको तर्क थियो । अधिकांश बुद्धिजीवी समाजवादी आदर्शमा डुबेकाले सामाजिक तथा आर्थिक यथार्थ तथ्यगत रूपमा देख्नै सक्दैनन् भन्ने फ्रिडम्यानको आरोप थियो ।

अर्का अमेरिकी अर्थशास्त्री थोमस सोवेलले बुद्धिजीवीमा तीन गुण (शिक्षित, सिर्जनशील र कलात्मक) हुनुपर्ने बताएका छन् ।

शिक्षित व्यक्तिले कम्तीमा आफ्नो क्षेत्रको जटिलभन्दा जटिल अवधारणा बुझेको हुन्छ–व्याख्या गर्न सक्छ । बुद्धिजीवी सिर्जनशील हुन्छ –उसले साहित्य, दर्शन, कला, चिकित्सा, विज्ञान लगायत क्षेत्रमा सांस्कृतिक पुँजी निर्माण गर्छ । यसैगरी बुद्धिजीवीमा सौन्दर्य चेत हुन्छ–उसको प्रस्तुति र अभिव्यक्ति कलात्मक हुन्छ ।

यी गुण बिर्सिएर विश्वविद्यालयले उत्पादन गर्ने शिक्षित अभिजातलाई मात्र बुद्धिजीवी मानिने आम प्रवृत्तिप्रति सोवेलले आफ्नो किताब 'इन्टेलेक्चुअल एन्ड सोसाइटी' मा असन्तुष्टि जनाएका छन् ।

उनका अनुसार यही शिक्षित अभिजात वर्ग आफ्नो क्षेत्रभन्दा बाहिर गएर बोल्छन् । एउटा प्रभाव क्षेत्र (प्रभामण्डल) बनाइराख्ने निरन्तर प्रयासमा हुन्छन् । र, त्यसबाट व्यावसायिक लाभको अपेक्षा गर्छन् । यही वर्गले पुँजीवादको सबभन्दा चर्को विरोध गर्छ ।

अमेरिकी मुक्तिवादी दार्शनिक रबर्ट नोजिकले सन् १९८६ मा 'बुद्धिजीवीहरू पुँजीवादको विरोध किन गर्छन ?' शीर्षकमा लेख लेखेका थिए । यो लेखको शीर्षक त्यसैबाट जुराइएको हो–यसमा धेरै नोजिकका कुरा परेका छन् ।

नोजिकका अनुसार बुद्धिजीवीहरू स्कुल वा कलेजमा जस्तै शैक्षिक कौशललाई आधार बनाएर बृहत समाजले उनीहरूलाई पुरस्कृत गर्नुपर्छ भन्ने ठान्छन् । तर पुँजीवादी समाजले त्यसो गर्दैन ।

पुँजीवादी समाजमा, बुद्धिजीवीहरूलाई आफूले अपेक्षा गरेभन्दा कम पारिश्रमिक पाइरहेको (अन्डरपेड) लाग्छ, त्यसैले उनीहरू रूष्ट हुन्छन् भन्ने नोजिकको पहिलो तर्क छ ।

पुँजीवादप्रति बौद्धिकहरूको वैमनश्य औपचारिक विद्यालय शिक्षा र पुँजीवादी समाजले व्यक्तिगत योगदानको मूल्यांकन गर्ने विधिमा रहेको भिन्नताका कारण सिर्जना भएको हो । अरू समूहका तुलनामा पुँजीवादी समाजमा बुद्धिजीवीहरूले आरामदायी जीवनको मजा लुटिरहेका हुन्छन् । तैपनि उनीहरूलाई आफ्नो अवमूल्यन भएको लागिरहन्छ । समाजवादी वा अरू सामूहिकतावादी तथा केन्द्रीयतावादी आर्थिक, सामाजिक, राजनीतिक प्रणालीमा मात्र आफ्नो सही मूल्यांकन हुने उनीहरू ठान्छन् ।

आर्थिक प्रतिकूलतामा उत्पन्न हुने तात्कालिक रोष बाहेक बुद्धिजीवीसँग तुलनायोग्य अरू सामाजिक-आर्थिक समूहका मान्छेले पुँजीवादको चर्को विरोध गर्दैनन् । यस हिसाबले बुद्धीजीवीहरू अर्घेला हुन् भन्ने नोजिकको भनाइ छ । नोजिकलाई बुद्धिजीवीहरूको पुँजीवाद विरोधले अचम्मित पार्छ। त्यसैले लेखमा त्यसको जवाफ खोज्छन् ।

मार्क्सले जस्तै नोजिकले अक्षर कुँद्ने वा खेलाउने मान्छेको समूहलाई बुद्धिजीवी भनेका छन् । बुद्धिजीवीले आफ्नो पेसामा अक्षरको कारोबार गर्छन्, अक्षर प्रवाहलाई आकार दिन्छन् । त्यो आकार रूचाउने ग्राहक जति हुन्छन्, बुद्धिजीवी त्यति नै प्रतिष्ठित हुन्छन् । यी अक्षर खेलाउनेहरूमा कवि, उपन्यासकार, समालोचक, पत्रकार र प्राध्यापक पर्छन् ।

नोजिक हायकले जस्तो संख्या

वांकी अन्तिम पेजमा...

# पर्यटन, प्रवर्द्धन, विकास र सहजीकरणको वातावरण बनाउन सात बुँदे ज्ञापनपत्र

विराटनगर । नेपाल भारत रेल यात्रु सहजीकरण समितिले पर्यटन प्रवर्द्धन, विकास र सहजीकरणको लागि कोशी प्रदेशका पर्यटन वन तथा वातावरण मन्त्री गणेश उप्रेतीलाई ७ बुँदे प्रस्ताव सहित ज्ञापन पत्र बुझाएका छन् ।



विभिन्न प्रकारको सामाजिक, सांकृतिक, धार्मिक तथा पर्यावरण रक्षाको निम्ति कामहरू गरिरहने सामाजिक संस्था नेपाल भारत रेल यात्रु सहजीकरण समितिले सो ज्ञापनपत्र बुझाएको हो ।

नेपाल भारत प्रवेश द्वारमा भारत बाट नेपाल आउने र नेपाल बाट भारत जाने पर्यटकहरूको निम्ती सार्वजानिक शौचालय बनाउनुपर्ने, नेपाल-भारत सीमामा बनिरहेको प्रवेश द्वारमा सीमावर्ती क्षेत्रको धार्मिक सांस्कृतिक स्थलको कला कृति राखिनुपर्ने, कोशी प्रदेशलाई बिहार सँगको सम्बन्ध बिस्तारको लागि एक संयुक्त कमिटीको निर्माण गरिनुपर्ने, माग गरेका छन् ।

त्यसैगरी बिहारलाई आफ्नो कर्मभूमि बनाएर राजनीतिको धरोहर स्थलको रूपमा स्थापित जननायक बीपी कोइरालाको जन्म दिवसमा बिहारको राजधानी पटना तथा कोसी प्रदेशमा समन्वयको आधारमा राजकीय कार्यक्रम आयोजना गरिनुपर्ने, भारतबाट आउने पर्यटकहरुको लागि सीमामा बहुभाषिक साईन बोर्ड लगाउनुपर्ने, विराट राजाको दरबारलाई महाभारत सर्किटसँग जोड्ने र पर्यटकीय रेल संचालनको लागि पहल गर्न आवश्यक समन्वय, सहयोग गर्नुपर्ने र पर्यावरण संरक्षणको निम्ति क्रस बोर्डर वृक्षारोपण, अन्तरक्रिया र जनचेतना मुलक कार्यक्रम गर्ने प्रस्ताव सहित संस्थाका अध्यक्ष राजेश कुमार शर्मा र प्रमुख सल्लाहकार महेश कुमार साह स्वर्णकारले मन्त्री उप्रेतीलाई ज्ञापन पत्र बुझाएको थियो ।

पर्यटन वन तथा वातावरण मन्त्री उप्रेतीले चाडै नै दुवै देश बीचको समन्वयमा बैठक गरी उक्त प्रस्ताव उपर छलफल गर्ने प्रतिवद्धता जनाएका थिए ।

# लागुऔषध सहित विभिन्न जिल्लाबाट १२ पक्राउ

विराटनगर । लागुऔषध सहित विभिन्न जिल्लावाट १२ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

झापा र उदयपुरको छुट्टाछुट्टै स्थानबाट शुक्रवार प्रतिवन्धित लागुऔषध ब्राउन सुगर र गाँजा सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको थियो । झापाको दमक नगरपालिका-७ पशुहाट स्थितमा को १ ह ९७४५ नम्बरको अटोलाई शंकालागी चेकजाँच ब्राउन सुगर भेटेपछि पक्रा गरिएको थियो ।

पक्राउ पर्नेमा अटो चालक जिल्ला झापा दमक नगरपालिका-१ बस्ने ३५ बर्षीय प्रकाश श्रेष्ठ, अटोमा सवार २३ वर्षीय अर्जुन लिम्बु र निजकै श्रीमती २७ वर्षीया मनिसा लिम्बू समेतलाई खानतलाशी गरी अटोको डिक्कीमा चेकजाँच गर्दा ५१ ग्राम ब्राउनसुगर सहित इलाका प्रहरी कार्यालय दमकले पक्राउ गरेको थियो ।

त्यसैगरी उदयपुरको उदयपुरगढी गाउँपालिका-७ हाडेबास स्थितमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा रौतामाई गाउँपालिका-४ मालवासेका ५५ बर्षीय मोटे रोका र २३ बर्षीय नेत्र परियारको साथबाट १६ केजि ३३० ग्राम लागु औषध गाँजा बरामद गरी निजहरुलाई पक्राउ गरेको थियो ।

झापा र मोरङको छुट्टाछुट्टै स्थानबाट विहीवार प्रतिवन्धित लागुऔषध ब्राउन सुगर र औषधी सहत २ जनालाई प्रहरीले पक्राउ गरेको थियो । झापाको बिर्तामोड नगर पालिका ४ स्थितबाट भारत बिहार माल्दाका २२ बर्षीय जेनिश राजबंशी र ताप्लेजुङ सिरिजंघा गाउँपालिका-१ की २४ बर्षीया युनिशा लिम्बुलाई १ ग्राम ८०० मिलिग्राम ब्राउनसुगर सहित इलाका प्रहरी कार्यालय अनारमनीले पक्राउ गरेको थियो ।

बिराटनगर १५ स्थित लागुऔषध नियन्त्रण व्युरो बिराटनगरबाट खटिएको टोलीले चेक जाँचको क्रममा दमक नगरपालिका-८ झापाका २३ बर्षीय अजय साह र २१ बर्षीय राजेश ताजपुरीयाको साथबाट एभिल ४० एम्पुल, फेनारागन ४० एम्पुल, लुपिजेसिक ४० एम्पुल र डाइजोपाम ४० एम्पुल सहित बरामद भएपछि पक्राउ गरिएको थियो ।

झापाको बिभिन्न स्थानहरुबाट लागुऔषध ब्राउन सुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय दमक र प्रहरी चौकी बेलडागीबाट खटिएको प्रहरी टोलीले झापाको दमक नगरपालिका-३ बेलडागीका २४ बर्षीय भिम बहादुर राई र २१ बर्षीय बिकाश घलेलाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनिहरुको साथबाट २ ग्राम ब्राउन सुगर, नगद १४ हजार सहित नियन्त्रणमा लिएको थियो ।

त्यसै गरी ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले बुद्धशान्ति गाउँपालिका-३ स्थितमा मे. ९ प ५०९२ नम्बरको मोटरसाईकललाई रोकी चेकजाँच गर्दा मोटरसाईकल चालक मेचिनगर-१३ की ३८ बर्षीया पवित्र राजवंशीको साथबाट १ ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका सम्वन्धित कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

# पिडितको घरजग्गा फिर्ता नगरे संघर्ष गर्ने चेतावनी

विराटनगर । नेपाल कम्युनिस्ट पार्टी जिल्ला संगठन समिति पुर्वी मोरंगले मिटर ब्याजीहरुले पिडितहरुको घर जग्गा फिर्ता नगरे संघर्ष गर्ने चेतावनी दिएका छन् ।

सो पार्टीले आईतवार एक विज्ञप्ति जारी गर्दै भनेको छ सयौं व्यक्तिको घर, जग्गाको धनिपुर्जा लिएर ऋणमा लगानी गरको मिटर ब्याजी रंगेली स्थायी घर भई हाल विराटनगर रानीमा बसोवास गर्दै आएका पुनम चन्द्र अग्रवाल द्वारा पिडितहरु रतुमा माई वडा नं. १ बस्ने मुन्ना माझीले २०७२ सालमा ८ कठ्ठा राजीनामा पास गराई १ लाख ६० हजार ऋण लिएको, छविलाल सुतिहारले २०७२ सालमा २ कठ्ठा जमिन राजिनामा पास गरी २ लाख ऋण लिएको थियो ।

त्यसैगरी लतिफुल मियाँले २०७२ सालमा ११ कठ्ठा जमिन राजिनामा पासगरी १ लाख २५ हजार ऋण लिएको, हेमा यादवले २०७४ सालमा ५ विघा जमिन राजिनामा पास गरी २५ लाख ऋण लिएको लगाएत अन्य दर्जनौ पिडित जनता सँग ऋण असुल भईसक्दा पनि जमिन फिर्ता गरेको छैन ।

ऋर्को मिटर व्याजी सुनवर्षी डाइनिया घर भएका अरुण कुमार साह द्वारा पिडित सुनवर्षी ६ बस्ने सिता देवी चौधरीको १ विघा १२ कठ्ठा जमिन २०७२ सालमा राजिनामा पास गरी रु. २२ लाख ५० हजार लिएकोमा पिडितहरुले आफुले लिएको ऋणको साँवा ब्याज सहित बुझाई सक्दा पनि हाल सम्म जग्गा फिर्ता गर्न नमानी उल्टै जग्गा हडपने मनोसायले अदालतमा मुद्दा हाली पिडितहरुलाई उठी बास लगाउने नियत देखिएको हुँदा यस प्रकारको ठगीका विरुद्ध नेपाल कम्युनिष्ट पार्टीको गम्भीर ध्यान आकर्षण भएको विज्ञप्तीमा उल्लेख छ ।

सो सम्बन्धमा पिडित जनताको न्यायको लागि नेपाल कम्युनिस्ट पार्टीद्वारा मिति २०८० मंसिर २१ गते स्थानिय जनताको उपस्थितिमा रतुवामाई नगरपालिका १ मा एक कार्यक्रमको आयोजना गरी पिडितहरुको जमिन फिर्ता गराउन पार्टीले सशक्त संघर्ष गर्ने घोषणा समेत गरेको छ ।

माथि उल्लेखित मिटर ब्याजीहरुले पिडितहरुलाई तुरुन्त घर जग्गा फिर्ता नगरे पिडितको न्यायको निमित्त हदै सम्मको संघर्ष गर्ने विज्ञप्ती मार्फत जानकारी गराएको छ ।

# पूर्व सुरक्षाकर्मी परिषद्को प्रवक्तामा लामेछाने

काठमाडौं । पूर्व सुरक्षाकर्मी परिषदको प्रवक्तामा सञ्चारकर्मी मणिराम लामिछाने नियुक्त हुनुभएको छ । गत मंसिर २३ गते बसेको केन्द्रीय परिषदको कार्यसमिति बैठकले लामिछानेलाई प्रवक्तामा चयन गरेको हो ।

बैठक पश्चात परिषदका केन्द्रीय अध्यक्ष के वी राउतले एक बक्तव्य जारी गर्दै भन्नुभएको छ 'आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गर्नुपर्ने भएको हुँदा परिषदका केन्द्रीय सदस्य श्री हेमशंकर गिरीज्यूले सम्हाल्दै आउनु भएको प्रवक्ताको जिम्मेवारी सहप्रवक्ता एवं सूचना अधिकारी मणिराम लामिछानेलाई दिइएको छ ।

त्यसैगरी सहप्रवक्ता लामिछानेले सम्हाल्दै आउनु भएको जिम्मेवारी कानुन व्यवसायी एवं केन्द्रीय सदस्य फणिन्द्रराज घिमिरेलाई दिने निर्णय गरिएको छ । परिषदको उत्तरोत्तर प्रगति तथा विकासको लागि उहाँहरुको उल्लेखनीय योगदान रहनेछ भन्ने हामीले विश्वास लिएका छौं ।' नव नियुक्त प्रवक्ता लामिछाने विगत दुई वर्षदेखि केन्द्रीय सदस्य, सहप्रवक्ता तथा सूचना अधिकारीको जिम्मेवारीमा हुनुहुन्छ भने सहप्रवक्ता घिमिरेले केन्द्रीय सदस्य भई पाल्पा जिल्लाको जिम्मेवारीमा रहको थियो ।

प्रवक्ताको मोवाइल नं. ९८४१२०३३४७ रहेको छ । पूर्व सुरक्षाकर्मी परिषद नेपाल अवकाश प्राप्त सुरक्षाकर्मी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल, राष्ट्रिय अनुसन्धन, भारतीय गोर्खा, व्रिटिस सेना, सिंगापुर प्रहरी र तिनका परिवारको हक हितको सम्बर्धन, प्रबर्धनका साथै नेपालको राष्टियता, स्वतन्त्रता तथा स्वाधिनता रक्षार्थ स्थापित विशुद्ध गैर राजनीतिक संस्था हो ।

जिम्मेवारी पाए पश्चात प्रवक्ता लामिछानेले ठूलो संख्याम छरिएर रहेका तालिम प्राप्त, दक्ष तथा अनुशासित सुरक्षाकर्मीलाई एकठ्ठा गर्दै देश र जनताको हितमा उपयोग गर्ने बताउनुभयो । कतिपय पूर्व सुरक्षाकर्मी तथा तिनका परिवार पनि समाजमा पिछडिएको र अपहेलनामा परेको हुँदा उनीहरुको हक, अधिकारको लागि निरन्तर लागि रहने प्रतिवद्धता व्यक्त गरेका थिए ।




## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौं ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

सुन्दर हरैचा नगरपालिका
मोरंग, कोशी प्रदेश



# समावेशी समाजवादी पार्टीको केन्द्रीय कार्य समितिको बैठकको चार बुढ्दे निर्णय

विराटनगर । समावेशी समाजवादी पार्टीको विराटनगरमा सम्पन्न दुई दिने केन्द्रीय कार्य समितिको बैठकले चार बुढ्दे निर्णय सार्वजनिक गरेको छ ।

सो पार्टीका केन्द्रीय अध्यक्ष किशोर कुमार विश्वासले नेपाल पत्रकार महासंघको सभा हलमा सोमवार पत्रकार सम्मेलन गरी मंसिर २३ र २४ गते बैठकमा भएको निर्णयहरु सुनाएका थिए ।



निर्णय नं. १ मा भनिएको छ । नेपालको वर्तमान राजनीतिक, आर्थिक एवं जनजिविकाको अवस्था दिनानुदिन अन्योल, संकट र अनिश्चितताका कारण आम जनता निरास, उदास र आकोशित भइरहेका छन्। सहिदहरुको वलिदान, विभिन्न जनआन्दोलन र जनविद्रोह पछि उदाएका नेताहरु, दलहरु र सरकारहरुको काम कारवाहीका कारण हालसम्म प्राप्त उपलव्धिहरु गुम्ने अवस्थामा पुगेका छन् ।

बहुदल, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशी समानुपातिक, धर्म निरपेक्ष, प्रेस स्वतन्त्रता र मौलिक अधिकारहरु लगायतका उपलब्धिहरु समाप्त पार्ने षड्यन्त्र भइरहेको छ । निर्दलीय, निरंकुश पञ्चायती व्यवस्थाको अन्त्यपछि ने.का., ने.क.पा. (एमाले), नेकपा एकीकृत माओवादी, लगायतका दलहरुको नेतृत्वमा ३२ वर्षदेखि संघीय सरकार, प्रादेशीक सरकार र स्थानीय तहको सरकार सञ्चालित भएतापनि आम मतदाता र जनताहरु संतुष्ट र खुसी छैनन् । सयौं वर्षदेखि उत्पीडन र विभेदमा परेका जाती, वर्ग, क्षेत्र, लिंग लगायतका समुदायहरुवीच रहेको अर्न्तविरोध र आन्तरिक उपनिवेशीकरण अन्त्य र समाप्त भएको छैन। हालको गठबन्धन सरकार र प्रमुख प्रतिपक्ष पार्टीहरु विभिन्न भ्रष्टाचार काण्डमा दोषी प्रमाणित भएका छन् । ललिता निवास जग्गा खरिद विक्रि काण्ड, नेपालीलाई नक्कली भुटानी बनाई अमेरिका पठाउने काण्ड, त्रिवि भन्सार विभागबाट सयौं किलो सुन तस्करी काण्ड, ओमनी काण्ड, यति होल्डिङस काण्ड, एनसेल सेयर खरिद बिक्रि काण्ड लगायत दर्जनौं काण्डहरुका कारण गठबन्धन सरकार र प्रमुख प्रतिपक्षी दल बदनाम भएका छन् ।

विभिन्न मिति र समयमा गठन भएका सरकारहरु संवैधानिक, न्यायिक र राजनीतिक-कुटनीतिक नियुक्ति, बट्वा-सरुवाहरु लगायतमा एकल नसलीय मानसिकताबाट प्रेरित भएका छन् । राज्यका विभिन्न तह, अंग, निकाय र स्थानहरुमा जनसंख्याको अनुपातमा समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्त विपरित निर्णय भएका छन् । गठवन्धन सरकार र प्रमुख प्रतिपक्षी दल आफ्नो नीति, उद्देश्य, सिद्धान्त, विचार र घोषणा पत्र विपरित देश र जनताको हित विपरित पद, पैसा, भ्रष्टाचार, तस्कर, दलाली र माफिया तन्त्रमा संलग्न भएको विभिन्न काण्डहरुद्धारा प्रमाणित भएका छन् । नेताहरु, पार्टीहरु र सरकारहरुका काम कारवाहीका कारण विस्तारै असफल भइरहेका छन् जुन दुर्भाडपूर्ण रहेको छ । जसका कारण आज प्रतिगामी, एकात्मकवादी, महेन्द्रीय नसलीय मानसिकतावादी, कट्टर हिन्दूवादी, निरंकुशतावादी, पुनरउत्थानवादी, राजावादी विस्तारवादी, साम्राज्यवादी, घोर दक्षिणपन्थी विदेशी दलाल पूँजीवादीहरु, संघीयता विरोधी शक्ति र व्यक्तिहरु धमिलो पानीमा माछा मार्ने दाऊ हुन् । वर्तमान गठबन्धन सरकार र प्रमुख प्रतिपक्षी दलका कारण हालसम्म प्राप्त उपलब्धिहरु सस्थागत नभई गुम्ने खतराको अवस्थामा पुगेको हो ।

यसअर्थ नेपाल राष्ट्रको सार्वभौम सत्ता, स्वाधिनता, क्षेत्रिय अखण्डता, राष्ट्रियता र संघीय लोकतान्त्रिक, गाणतान्त्रिक व्यवस्था लगायतका उपलब्धिहरु कार्यान्वयन गर्दै संस्थागतगर्न सम्पूर्ण पार्टीहरु सरकार र आम जनताहरुलाई अपिल र आह्वान गर्दछौ ।

निर्णय नं. २ एक नम्बर प्रदेशको दोस्रो निर्वाचन पछि पनि कुनैपनि एक दलले बहुमत प्राप्त नगरेका कारण प्रदेश सरकार पटक पटक गठन र विगठन भइरहेको थियो। गठबन्धन दलहरुको बारम्बारको जालझेल र चलखेलका कारण सम्मानीत सर्वोच्च अदालतको परमादेशपछि ने.का. का माननीय केदार कुमार कार्की मूख्यमन्त्री भएका छन् । एक नम्बर प्रदेशमा विगत ६ वर्षदेखि बारम्बार सरकार गठन र विगठन भइरहेको छ । राजनीतिक अस्थिरताका कारण आज संघीय व्यवस्था माथि नै प्रश्न चिन्ह खडा भएको छ । कुशासन भ्रष्टाचार, व्यथिती र जनजीविकाका सवालमा संघीय सरकारहरुले जनभावना अनुसार शुसासन दिन असफल भएका कारण आम जनतामा असंतुष्टि व्याप्त छ । यस अर्च पूर्ण संघीय प्रणाली सहित शसक्त अधिकार सम्पन्न स्वायत्त संघीयताको सुनिश्चितता गरिनु पर्दछ ।

निर्णय नं. ३ एक नम्बर प्रदेशमा हिमाल, पहाड र तराई समेत १४ जिल्ला समावेश छ । १० जिल्ला हिमाल र पहाडका छन् भने ४ जिल्ला तराईमा पर्दछन् । यसअर्थ पहिचानका ५ र सामर्थका ४ आधार सहित हिमाल र पहाडका १० जिल्ला समेटेर छुट्टै प्रदेशको सिमांकन गरिनु पर्दछ। त्यसैगरी तराईका झापा, मोरङ, सुनसरी, उदयपुर र सप्तरी-सिराहा जिल्लाको उत्तरी भुभाग सहित छुट्टै यरुहठकोचिला नामांकन सहितको प्रदेश सिमांकन हुनु पर्दछ । ऐतिहासिक, समान, सामुदायिक, सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक र आर्थिक एकरुपताका आधारमा प्रदेशहरुको नामांकन र सिमांकन हुनु पर्दछ ।

निर्णय नं. ४ 'जातीय अर्न्तविरोध अन्त्यकालागि बहुल राष्ट्रिय-वर्गिय, अन्तविरोध अन्त्यकालागि समावेशी समाजवाद' मुल उद्देश्य र नारा सहित २०८० साल पुष १४ गतेदेखि मेची-महाकालीसम्म ३ 'ज' राष्ट्रिय अभियान सञ्चा सञ्चालन गरिने छ । राष्ट्रिय अभियान अर्न्तगत भेला, अन्तरकृया र गोष्ठी आयोजना हुनेछ ।

उक्त कार्यक्रमहरु पुष १४ गते शनिवार विर्तामोड, झापा, पुष २१ गते शनिवार, पुष २८ गते शनिवार विराटनगर, मोरङ दुहवी, सुनसरी, माघ ६ गते सनिबार गाईघाट, उदयपुर हुने वताए ।

# भारतबाट कर छली गरी ल्याएको समान बरामद

विराटनगर । ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले भारतवाट नेपाल त्रित्रियाई रहको अबैध भन्सार छलीको समानहरु सोमवार बरामद गरेको थियो ।

मोरङ जिल्लाको रतुवामाई नगरपालिका-७ स्थित भित्री सडक खण्डमा प्र.१-०४-००१च १०८३ नंम्वरको पिक अप गाडीमा अवैध रूपमा राजश्व छली गरी ल्याएको सोना मंसुली लेखिएको १०० बोरा चामल ( २५०० केजी) समातेको थियो ।

चामलको बजार मुल्य १ लाख १७ हजार ५ सय) र सो चामल ढुवानी गर्न प्रयोग भएको सवारी साधन अन्दाजी मुल्य ५ लाख) समेत गरी अनुमानित मुल्य ६ लाख १७ हजार ५ सय बराबरको बरामद सामान र सवारी साधन, चालकलाई पक्राउ गरिएको थियो ।

चालक मोरङ जिल्ला रंगेली नगरपालिका-२ वस्ने बर्ष २८ को दिनेश साहलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय विराट नगरमा बुझाएको थियो ।

त्यसैगरी मोरङ रतुवामाई नगरपालिका वडा नं.-४ झुर्किया स्थित भित्री सडकखण्डमा दक्षिणबाट उत्तरतर्फ आउदै गरेको प्र १-०१-००१ च८६८७ नं.को मारुती कारलाई प्रहरी चौकी झुर्कियाबाट खटिएको गस्ति टोलीले शंका लागि चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ ल्याउदै गरेको खाद्यान्न तथा सुर्तीजन्य पदार्थ पक्राउ गरिएको थियो ।

उक्त सामानहरू बोक्न प्रयोग गरिएको मारूती कार सहित अन्दाजी मुल्य ५ लाख २६ हजार ३ सय ८० रुपियाबराबरको सामान, मारूती कार र चालक जिल्ला झापा दमक नगरपालिका वडा नं.-९ बस्ने बर्ष ३८ को सुरज थापा र वडा नं. ९ बस्ने बर्ष ५० को कुमार राईलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय विराटनगरमा बुझाईएको थियो ।

# मादक पथार्द सेवन गरी एम्बुलेन्स चलाउने चालक पक्राउ

विराटनगर । मादक पदार्थ सेवन गरी एमबुलेन्स चलाउने चालकहरुलाई प्रहरीले पक्राउ गरेका छन् ।

विहीवार रातको समयमा प्र.१-०२-००२ च ४६८४ नम्बरको एम्बुलेन्स चालक सुनसरी जिल्ला दुहवी-४ बस्ने बर्ष २८ को सुनिल राजबंशीले मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाए थियो । चालकलाई ' नियन्त्रणमा लिने क्रममा प्रहरीलाई नै अभद्र ब्यवहार समेत गरेको हुँदा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालय मोरङबाट अभद्र ब्यवहार कसूरमा दिन ७ (सात) म्याद थप गरी अनुसन्धान गरि रहको छ ।

त्यसैगरी को १ च ४१५८ नम्बरको एम्बुलेन्स चालक मोरङ जिल्ला रतुवामाई नगरपालिका-५ बस्ने बर्ष २९ को सफल मुर्मु सतारले मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाई को २५ प २३६८ नम्बरको स्कुटरलाई ठक्कर दिनुका साथै अन्य मोटरसाईकल र पसलको सटरमा समेत क्षति पुर्याएको कसूरमा पक्राउ गरी अभद्र ब्यवहार कसूर अन्तर्गत अनुसन्धान पश्चात जिल्ला प्रशासन कार्यालय मोरङबाट १० हजार धरौटी माग भएको थियो ।

एम्बुलेन्स जस्तो संवेदनशील सेवामा समेत मादक पदार्थ एवं लागु पदार्थ सेवन गरी सवारी चलाई विरामी र सडक प्रयोगकर्ताहरूलाई जोखिम पुर्याउने प्रवृति देखिएकोले सो लाई नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालय मोरङले शुन्य सहनशिलताको नीति अख्तियार गर्दै कानूनको दायरामा ल्याउने अभियान संचालन गरेको छ ।

# पथरी यूथ क्लबले चुम्यो अध्यक्ष कप फुटबलको उपाधी

विराटनगर । संगठीत नोचा युवा क्लवले सञ्चालन गरेको तेस्रो वडा अध्यक्ष कप फुटवल प्रतियोगितामा शुन्यका विरुद्ध १ गोल गारेर पथरी युथ क्लव फुटबल प्रतियोगिताको उपाधि हासिल गरेका छन् ।

धनपालथान-१ स्थित नोचामा जारी तेस्रो वडा अध्यक्ष कप फुटबल प्रतियोगिताको फाइनल खेलमा डांगीहाट युथ क्लवलाई एक गोल गरेर पथरी युवा क्लवले फुटबल प्रतियोगिताको प्रथम उपाधि जितेको हो ।

युवाहरुलाई खेल माध्यमबाट अगाडी बढाउने उदेश्यले फुटबल प्रतियोगिता आयोजना गरेको संगठीत नोचा युवा क्लवका अध्यक्ष सूर्यनारायाण मण्डलले वताए । फुटबल प्रतियोगिताको फाइनल खेलमा पथरी युथ क्लवलका शुभाष तामाङ्ले ८० औं मिन्टमा गोल गरेर क्लबलाई प्रथम उपाधी दिलाएको थियो ।

संगठीत नोचा युवा क्लव, धनपालथान गाउँपालिका वडा नं १ र जीवन विकास समाजको सहकार्यमा आयोजना गरिएको तेस्रो वडा अध्यक्ष कप फुटबल प्रतियोगिताका आयोजक क्लवले प्रथम हुने क्लवलाई ५१ हजार र सिल्ड कप प्रदान गरेको थियो ।

त्यसैगरी दोस्रो हुने डाँगीहाट युथ क्लवलाई नगद ४१ हजार र सिल्ड कप प्रदान गरेको थियो । मंसिर ९ गतेदेखि सञ्चालन गरिएको फुटबल प्रतियोगिताको फईनल खेलमा पुरस्कार वितरण गर्दै प्रतिनिधि सभाका सभा सदस्य योगेन्द्र मण्डलले खेलले आफ्ना नाम, गाउँ र देशलाई चिनाउन महत्वपूण भूमिका हुने वताए ।

कार्यक्रममा कोशी प्रदेशका सभा सदस्य गयान्द मण्डल, धनपालथान गाउँपालिकाका अध्यक्ष जिवछ प्रसाद गच्छदार, वडाअध्यक्ष खाजा हुसेन, जीवन वीकास समाजकी अध्यक्ष रिबोल मण्डललगायतले पुरस्कार वितरण गरेको थियो ।




## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

## बुद्धिजीवीहरू...

खेलाउने, प्रसारण गर्ने वा दृश्य माध्यममा काम गर्ने चित्रकार, मूर्तिकार, क्यामराम्यानलाई विरोधी बुद्धिजीवीको वर्गमा राख्दैनन् । उनका अनुसार अक्षर खेलाउनेले जस्तो यी पेसाका मानिसले पुँजीवादको चर्को विरोध गर्दैनन् । बरू अक्षर खेलाउने विरोधीहरू निश्चित पेसागत क्षेत्रमा भेटिन्छन्–प्राज्ञिक, मिडिया र कर्मचारीतन्त्रमा ।

अक्षर खेलाउने बुद्धिजीवीहरू पुँजीवादी समाजमा खाइखेली गरिरहेका हुन्छन्। उनीहरूलाई नयाँ विचार बनाउने, पहिल्याउने, प्रचार गर्ने, पढ्ने र छलफल गर्ने व्यापक स्वतन्त्रता हुन्छ। उनीहरूको पेसागत सीपको माग उच्च हुन्छ । आम्दानी औसतभन्दा धेरै माथि हुन्छ ।

त्यसो भए किन उनीहरू पुँजीवादकै बढी विरोध गर्छन ?

बुद्धिजीवीहरू आफू समाजमा सबभन्दा मूल्यवान, सबैभन्दा प्रतिष्ठित, शक्ति सम्पन्न, सबभन्दा धेरै पुरस्कृत व्यक्ति हुनुपर्ने अपेक्षा गर्छन् । आफूलाई हकदार नै मान्छन्। तर सामान्यतया पुँजीवादी समाजले बुद्धिजीवीको अपेक्षा बमोजिम कदर गर्दैन ।

बुद्धिजीवीको अपेक्षा विपरीत पुँजीवादी समाजले 'प्रत्येकलाई उसको योग्यता वा उसले सिर्जना गर्ने मूल्य अनुसार वितरण गर्ने' सिद्धान्त पछ्याउँदैन । बजारले उसलाई त्यति दिन्छ, जति उसले अरूको माग पूरा गर्ने गरी सिर्जना गरेको हुन्छ । कति दिने भन्ने कुरा कति माग छ र कति परिमाणमा वैकल्पिक आपूर्तिका स्रोत उपलब्ध छन् भन्नेमा निर्भर गर्छ ।

असफल उद्यमी वा मजदुर पनि अक्षर खेलाउने बुद्धिजीवी जस्तो पुँजीवादी व्यवस्थाका दुश्मन हुँदैनन् । बृहत बजार समाजले मान्यता नदिएको श्रेष्ठताको भावका कारण पुँजीवादप्रति बुद्धिजीवीमा शत्रुता उत्पन्न हुने नोजिक बताउँछन् ।

यो परम्परा कहिलेदेखि सुरू भयो भन्ने सवालमा नोजिक अगाडि थप्छन् – होमो सेपियन्सले विचार आदानप्रदान गर्न थालेदेखि नै आफ्नो कर्मलाई सबभन्दा मूल्यवान भएको दाबी गर्दै आएको छ। प्लेटोले तार्किकतालाई साहस र भोक (शारीरिक आवश्यकता) भन्दा माथि राख्थे र दार्शनिकहरूले शासन गर्नुपर्छ भन्थे । एरिस्टोटलले बौद्धिक चिन्तनलाई उच्चतम मानवीय गतिविधि मानेका थिए । अहिले पनि बौद्धिक गतिविधिलाई सबभन्दा उच्च मूल्यांकन गरिन्छ। किनकी, यस्तो मूल्यांकन विधि तय गर्ने व्यक्ति फेरि बुद्धिजीवी नै थिए ।

सिकार वा शासन गर्ने वा अरू पेसा-व्यवसाय गर्ने वा कुनै मनोरञ्जनमा लिप्त मान्छे जसले लेखपढ वा चिन्तनलाई भन्दा अन्य चिजलाई बढी मूल्यवान ठान्थे, उनीहरूले मेरो क्षेत्र उत्तम हो भन्ने किसिमले स्थायी लिखित अभिलेख राख्ने कष्ट गरेनन् । बुद्धिजीवीले मात्र कुन काम उत्कृष्ट हो भन्ने 'सिद्धान्त' बनाए ।

नोजिक भन्छन् -बुद्धिजीवीहरूमा आफू उत्कृष्ट हुँ भन्ने भाव विद्यालयबाट आयो। सभ्यताको विकाससँगै किताबी ज्ञानको महत्त्व बढ्दै जाँदा, बालबालिकालाई कक्षाकोठामा राखेर पढाउने र किताबी ज्ञान दिने विद्यालय शिक्षाको संस्कृति फैलियो । विद्यालय बालबालिकाको मनोवृत्तिलाई आकार दिने परिवार बाहिरको प्रमुख संस्था बन्न पुगे ।

त्यहाँ बुद्धिजीवीहरू सफल भए । त्यहाँ उनीहरूलाई अरूभन्दा उत्कृष्ट भनेर मूल्यांकन गरियो । उनीहरूको प्रशंसा गरियो। पुरस्कृत गरियो । उनीहरू शिक्षकका प्रिय भए । विद्यालयले उनीहरूलाई तिमीहरू 'श्रेष्ठ' हौ भन्यो ।

तर बृहत् बजार समाजले फरक पाठ सिकाउँथ्यो। त्यहाँ सबभन्दा ठूलो पुरस्कार सबभन्दा वाचाललाई दिइएन । त्यहाँ बौद्धिक सीपहरू सबभन्दा मूल्यवान हुनपर्छ भन्ने भएन ।

अनि विद्वतालाई सबभन्दा मूल्यवान र पुरस्कारका लागि योग्य वा मुख्य हकदार भन्ने पाठ सिकेर आएका बुद्धिजीवीले समग्रमा पुँजीवादी समाजलाई तिरस्कार किन नगरून जसले उनीहरूलाई 'न्यायपूर्ण धरातल' बाट वञ्चित गर्छ र उनीहरूको श्रेष्ठतालाई चुनौती दिन्छ, त्यसको विरोध किन नगरून ।

सामान्य समाजले प्रदान गर्न सक्ने उच्चतम पुरस्कार (धन, प्रतिष्ठा) का लागि बुद्धिजीवीले आफूलाई हकदार मान्छन् भन्नुको मतलब सबै बुद्धिजीवीले ती पुरस्कारलाई श्रेष्ठतम वस्तु मानेका हुन्छन् भन्ने होइन । उनीहरूले बौद्धिक गतिविधिको आन्तरिक पुरस्कार (स्वान्त: सुख) वा युगौंसम्मको नामलाई बढी महत्त्व दिएका हुन सक्छन् ।

तैपनि, थोरै नै भए पनि उनीहरू आमसमुदायबाट पाउनुपर्ने उच्चतम तथा श्रेष्ठ प्रशंसाको हकदार आफूलाई ठान्छन् ।

नोजिकले बौद्धिकहरूको खल्ती भरिने वा अन्य किसिमबाट उनीहरूकहाँ व्यक्तिगत रूपमा पुग्ने पुरस्कारलाई जोड दिएका छैनन् ।

'आफूलाई बौद्धिकका रूपमा चिनाउँदै आएका उनीहरूलाई बौद्धिक गतिविधिलाई धेरै मूल्यवान नठानिएको र पुरस्कृत नगरिएको तथ्यले क्रुद्ध बनाउन सक्छ,' नोजिक भन्छन् ।

बुद्धिजीवीहरू सम्पूर्ण समाज एउटा ठूलो विद्यालय जस्तो होस्, जहाँ आफूले राम्रो गरेको र प्रशंसा पाएको जस्तो वातावरण होस् भन्ने चाहना गर्छन् । विद्यालयको वरीयतामा शीर्ष स्थानमा भएकाहरूले त्यो लघु समाजमा मात्र नभई बृहत समाजमा पनि उच्च स्थानको हकदार दाबी गर्छन् । अनि त्यो अर्को समाजको प्रणालीले उनीहरूलाई उनीहरूबाटै निर्धारित चाहना तथा अधिकार बमोजिम व्यवहार गर्न असफल हुँदा उनीहरू रिसाउँछन् ।

बौद्धिकहरूलाई बजारको 'अराजक र अव्यवस्था' भन्दा केन्द्रीय रूपमा संगठित वितरण संयन्त्र मार्फत वस्तु र पुरस्कार वितरण गर्ने तरिका बढी उपयुक्त लाग्नु अचम्मको कुरा होइन । केन्द्रको नियन्त्रणमा हुने नियोजित समाजवादी समाजमा बाँडफाँट भनेको विद्यालयमा शिक्षकले पुरस्कार वितरण गरे जस्तै हो ।

पुँजीवादी समाजले भने बाँडफाँटको अर्कै विधि अपनाएको हुन्छ । त्यहाँको बाँडफाँट विद्यालय परिसरको खेल मैदान, आँगन वा करिडोरमा सहपाठीबीचमा हुने विनिमय जस्तो हुन्छ । त्यहाँ विद्यार्थीले एकअर्काको मन जित्नु अनिवार्य हुन्छ ।

विद्यालयबाट उत्तीर्ण भएपछि त्यहाँका मापदण्डले मान्छेका मानक विश्वासलाई दीर्घकालसम्म असर गर्छन् । ती मापदण्ड मान्छेको चेतन तथा अवचेतन मनमा गढेर बसेका हुन्छन् । त्यसैले विद्यालय प्रणालीका मापदण्डमा सफल भएकाहरूले उनीहरूलाई विद्यालय समान सफलता नदिने भिन्न मापदण्डहरूको पालना गर्ने समाजसँग रिसाउनु अचम्मको कुरा होइन ।

बुद्धिजीवीलाई पुँजीवादी समाजमा विरोध गर्ने स्वतन्त्रता अन्य समाजमा भन्दा बढी हुने भएकाले पनि असन्तुष्टिका ध्वनीहरू सुनिने अर्को तर्क नोजिकले गरेका छन् - कम्युनिस्ट देशका बुद्धिजीवीले सत्ता र शासनप्रति पुँजीवादी समाजमा जस्तो असमानुपातिक वैरभाव राख्दैनन् ।

यसबाहेक लिंगीय, जातीय, पेसागत वा अन्य किसिमका पहिचान समूहका बीचमा समानता हुनुपर्छ भन्नेमा बुद्धिजीवीहरूले उत्तिकै जोड दिएका हुन्छन् त भन्ने प्रश्न नोजिकले गरेका छन् । उनले अरू किसिमका समाज बन्द (नियन्त्रित) र पुँजीवादीलाई खुला भनेका छन् ।

खुला समाजमा विद्यार्थीलाई जुनसुकै पेसा-व्यवसाय वा वृत्ति विकासका कुनै पनि क्षेत्र रोज्ने स्वतन्त्रता हुन्छ । खुला समाजमा उनीहरूले रोजेको क्षेत्र, सीप र कार्यकुशलताका आधारमा कस्तो आर्थिक सामाजिक हैसियत प्राप्त गर्छन् वा गर्नुपर्छ भनेर निर्धारण गर्ने कुनै निकाय हुँदैन । बन्द समाजले भने विद्यार्थीका महत्वाकांक्षालाई कलिलैमा निमोठिदिन्छ ।

खुला पुँजीवादी समाजमा विद्यार्थीलाई उनीहरूको प्रगति र सामाजिक गतिशीलता सीमित गर्ने गरी छिट्टै आफ्ना महत्वाकांक्षा त्याग्नु पर्दैन ।

यहाँ आर्थिक-सामाजिक संरचना सबभन्दा सक्षम, मूल्यवान र असीमित तवरले धेरै उपल्लो तहसम्म पुग्न सक्ने गरी निर्माण भएको हुन्छ ।

नोजिकले कुनै विद्यालयको प्रणालीले जति धेरै शैक्षिक सीपमा जोड दिन्छ, त्यहाँका बौद्धिकहरू वामपन्थी हुने सम्भावना त्यति बढी हुन्छ भन्ने अनुमान गरेका छन् ।

उदाहरणका लागि उनले फ्रान्सलाई अगाडि सारेका छन्। उनले लेखमा प्रस्तुत गरेका हाइपोथेसिस वास्तविक संसारबाट तथ्यांक संकलन गरी पुष्टि वा खारेज गर्न पनि आग्रह गरेका छन्।

अस्ट्रियाली अर्थशास्त्री लुडविग भन मिजस बुद्धिजीवीहरूको विशेष असन्तुष्टि यसरी व्याख्या गर्छन् - बुद्धिजीवीहरू अन्य श्रमिकहरूभन्दा भिन्न तवरले पुँजीपतिहरूसँग सामाजिक रूपमा घुलमिल भएका हुन्छन् ।

पुँजीपतिहरूले भने उनीहरूलाई आफ्नै हाराहारीको समूहको रूपमा चिन्छन् तर, आफूभन्दा तल्लो दर्जामा राखेर अपमानित गर्छन् ।

त्यसैले पुँजीपतिहरूसँग सामान्य व्यावहारिक अन्तर्क्रिया गर्ने बुद्धिजीवीले अपमानित अनुभव गरेकै हुन्छन् । पुँजीपतिहरूसँग सामाजिक रूपमा घुलमिल नहुने बुद्धिजीवीहरू पनि उत्तिकै क्रुद्ध हुन्छन् ।

'बुद्धिजीवीहरूले आफ्ना तर्कहरूलाई समानतामा आधारित वा न्यायमूलक समाज स्थापनाका लागि उठाइएको भन्न खोजे पनि त्यसको वास्तविक जननी ईर्ष्या भाव हो,' मिजस भन्छन् ।

हाम्रा बुद्धिजीवी पनि अन्यत्रका भन्दा भिन्न छैनन् । समाजवादको मोहनीमा परेका हाम्रा केही बुद्धिजीवीमा उपकारवादी सोच हाबी छ। गरिब र निमुखाको पक्षमा बोल्नुलाई उनीहरू आफ्नो नैतिक दायित्व भएको स्वाङ पार्छन । उनीहरूले पक्षधरता लिने भुइँमान्छेलाई विचरा ठान्छन् । ती विचराको समस्या समाधान पुँजीवादी व्यवस्थाले गर्न नसक्ने मात्र होइन, उनीहरूलाई विचरा बनाउने नै पुँजीवाद हो भन्ने उनीहरूलाई लाग्छ ।

यस किसिमको तर्कमा पुँजीवाद प्रतिको गलत बुझाइ र गरिब तथा निमुखाको पीडामा समानुभूतिको पाखण्ड मिसिएको हुन्छ । व्यक्तिगत स्वतन्त्रता र स्वार्थलाई तिलाञ्जली दिएर बुद्धिजीवी मन, वचन, कर्मले अन्यायमा परेको वर्गको हितमा बौद्धिक अभ्यास गर्छन् भन्ने मान्न सकिँदैन ।

## अमाही मार्टबाट मोटर साईकल विक्री वितरण शूरू




विराटनगर । सुजीकी टू ह्वीलरको आधिकारिक विक्रेता भी.जी. ओटोमोवाईल्स मार्फत अमाही मार्ट प्रालीले विराटनगरमा सुजुकीको नयाँ विक्री केन्द्र संचालनमा ल्याएको छ ।

विराटनगर-५ स्थित मुनाल पथ मार्गमा संचलानमा ल्याएको अमाही मार्ट शोरुमको समुद्घाटन संघीय सांसद योगेन्द्र प्रसाद मण्डलले भव्य कार्यक्रमको वीच गरेको हो ।

कम्पनीले सुजुकी ग्राहकका लागि स्पेयर्स पाट्स र सहज सर्भिसको सुविधा प्रदान गर्ने घोषणा गरेका छन् । अमाही मार्ट सोरुमबाट कम्पनीले कुनै पनि पुरानो मोटरसाइकल र स्कुटी एक्सचेन्ज गरी नयाँ मोटर साइकल र स्कुटी खरीद गर्दा आकर्षक छुट दिने व्यवसथा गरेको छ ।

उक्त समुद्घाटन कार्यक्रम मा जीवन विकास लुघुवित्त संस्था लिमिटेडा प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डल, नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी, भिजी ओटो मोबाइल्सका विक्री प्रमुख रामचन्द्र कडेल लगायतको उपस्थिति रहेको थियो ।

अमाही मार्ट समुद्घाटन कार्यक्रम भिजी ओटो मोबाइल्सका प्रहाप्रबन्धक धिरज भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## छुरा प्रहारबाट महिलाको मृत्यु

विराटनगर । सुनसरीको ईटहरी उप-महानगरपालिका-१२ हटिया लाईन स्थितमा छुरा प्रहारबाट १ जना महिलाको मृत्यु भएको छ ।

गत आईतवार स्थानीय २३ बर्षीय गणेश चौधरीले अचानक पछाडीबाट आई धारिलो हतियार छुराले ढाडमा प्रहार गर्दा गम्भिर घाईते भएकी स्थानीय ५० बर्षीया भुमी कुमारी चौधरीलाई उपचारको लागि बिराट टिचिङ हस्पिटल बिराटनगर पठाएको थियो ।

घाईतको उपचारको क्रममा उनको मृत्यु भएको थियो । घटनाबारे सूचना पाए संगै तत्काल खटिएको ईलाका प्रहरी कार्यालय ईटहरीको प्रहरी टोलीले आरोपित गणेश चौधरीलाई दिदिको घरमा लुकिछिपी बसेको अबस्थामा फेला पारी पक्राउ गरेको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।


## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पञ्जिधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश




